# ग्लोबल बैंकको पांचौ बार्षिकोत्सव

२००७ जनावरी ०२ बाट संचालनमा आएको ग्लोबल बैंक पांचौ बर्ष पुरा गरी छैठौं बर्षमा प्रवेश गरेको छ । बैंकले बार्षिकउत्सवकै अवसर पारेर ग्लोबल बैंकले कान्तिपथ शाखामा रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । उक्त अवसरमा बैंकमा बिभिन्न समयमा भएका खेलकुद गतिबिधिका बिजेता कर्मचारीहरुलाई बैंकका प्रमुख कार्यकारी अधिकृत श्री रत्नराज बज्राचार्यबाट शिल्ड तथा मेडल पनि बितरण गरिएको थियो ।

छोटो अवधिमै अलग पहिचान बनाउन सफल ग्लोबल बैंक उच्च प्रविधिका सेवा र अत्याधुनिक बैंकिङका लागी परिचित छ । पांच बर्षको छोटो अवधिमा बैकको ग्राहक संख्या १,०७,००० पुगिसकेको छ, जस मध्ये ६१,००० ग्राहक डेबिट कार्ड संग अभ्यस्त छन भने ३७,००० ग्राहक मोबाईल बैंकिङ संग परिचित छन, जसले ग्लोबल बैंकको प्राविधिक गुणस्तर र ग्राहकको बिश्वासलाई पुष्टि गर्दछ । पांच बर्षको अवधिमा ग्लोबल बैंकको निक्षेप रु १७ अर्व पुगिसकेको छ भने कर्जा प्रवाह रु १४ अर्व रहेको छ । ३१ शाखा संजाल, १ एक्स्टेन्सन काउन्टर र ३८ वटा एटिएम मार्फत देशको बिभिन्न स्थानमा बैंकिङ सेवा प्रदान गरिरहेको ग्लोबल बैंकले “सबैका लागी बैंक” भन्ने मुल नारालाई चरितार्थ गरेको छ ।